**मिति २०८०/११/०२ गतेको गाउँ कार्यपालिकाको नवौं बैठकमा पेश भएका प्रस्तावहरुः**

| क्र.सं. | प्रस्ताव | निर्णयको संक्षिप्त व्यहोरा |
|---|---|---|
| १. | निर्णयहरु कार्यान्वयन प्रगति समिक्षा गर्ने सम्बन्धमा । | यस गाउँ कार्यपालिका बैठकबाट यस अघि भएका निर्णयहरु कार्यान्वयनको प्रगति समिक्षा गर्ने । |
| २. | चालु आ.व. २०८०/०८१ को बजेट तथा कार्यक्रम संशोधन सम्बन्धमा । | बजेट तथा कार्यक्रम संशोधन प्रस्ताव माथि छलफल तथा स्वीकृत गर्ने । |
| ३. | आ.व. २०८०/०८१ को संशोधित वार्षिक आय व्यय सम्बन्धमा । | आ.व. २०८०/०८१ को संशोधित आयव्यय स्वीकृत गर्ने । |
| ४. | यूवा परिषद्को उपाध्यक्ष मनोनित गर्ने सम्बन्धमा । | यस भगवतीमाई गाउँपालिका यूवा परिषद्को उपाध्यक्ष मनोनित गर्ने । |
| ५. | स्वास्थ्य क्षेत्रको अनुगमन मूल्यांकन तथा सुपरिवेक्षण निर्देशिका, २०८० | स्वास्थ्य क्षेत्रको अनुगमन मूल्यांकन तथा सुपरिवेक्षण निर्देशिका, २०८० स्वीकृत गर्ने । |
| ६. | खेलकूद विकास समितिका प्रशिक्षक र कर्मचारीको म्याद थप सम्बन्धमा । | खेलकूद विकास समितिका प्रशिक्षक र कर्मचारीको म्याद थप गर्ने । |
| ७. | स्थानीय आर्थिक सम्वाद समिति गठन सम्बन्धमा । | यस भगवतीमाई गाउँपालिका स्तरीय स्थानीय आर्थिक सम्वाद समिति गठन गर्ने । |
| ८. | प्रादेशिक दैलेख महोत्सवको लागि सहयोग सम्बन्धमा । | दैलेख उद्योग वाणिज्य संघको आयोजनामा निकट भविष्यमा हुन गईरहेको प्रादेशिक दैलेख महोत्सवको लागि आवश्यक सहयोग गर्ने । |
| ९. | प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन | यस भगवतीमाई गाउँपालिका अन्तर्गत रहेका खोलाहरुबाट नदीजन्य पदार्थहरु उत्खनन् संकलन तथा विक्री वितरण कार्यको लागि तयार गरिएको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनको मस्यौदा माथि छलफल गर्नुको साथै आवश्यक सुझाव र निर्देशन गर्ने । |

**मिति २०८०/११/०२ गतेको गाउँ कार्यपालिकाको नवौं बैठकबाट भएका निर्णयहरुः**

१. अघिल्लो बैठकबाट भएका निर्णय कार्यान्वयनको समिक्षा गरियो । कार्यान्वयन हुन बाँकी रहेका निर्णयहरु प्रभावकारी रुपमा समयमा नै कार्यान्वयन गर्न/गराउन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन गर्ने ।

२. यस भगवतीमाई गाउँपालिकाको चालु आ.व. २०८०/०८१ को वार्षिक बजेट तथा कार्यक्रम संशोधन प्रस्ताव स्वीकृत गरी गाउँसभामा पेश गर्ने।

३. यस भगवतीमाई गाउँपालिकाको चालु आ.व. २०८०/०८१ को संशोधित वार्षिक आय व्यय अनुमान स्वीकृत गरि गाउँसभामा पेश गर्ने ।

४. यस भगवतीमाई गाउँपालिका यूवा परिषद्को उपाध्यक्ष पदमा दैलेख जिल्ला भगवतीमाई गाउँपालिका वडा नं. ४ बस्ने राजेन्द्र अधिकारीलाई मनोनित गर्ने ।

५. भगवतीमाई गाउँपालिका स्वास्थ्य क्षेत्रको अनुगमन, मूल्यांकन तथा सुपरिवेक्षण निर्देशिका, २०८० स्वीकृत गर्ने ।

६. यस भगवतीमाई गाउँपालिका खेलकूद विकास समितिमा कार्यरत भलिबल प्रशिक्षक श्री इश्वर खड्का र खेलकूद सहजकर्ता श्री बलबहादुर थापाको करार अवधि २०८० माघ १ देखि २०८१ असाढ मसान्तसम्म थप गर्ने ।

७. स्थानीय आर्थिक विकास मूल्यांकन कार्यविधि २०७९ को दफा १४ बमोजिम यस भगवतीमाई गाउँपालिका स्तरीय स्थानीय आर्थिक सम्वाद समिति देहाय अनुसार गठन गर्ने ।

<u>तपसिलः</u>

| क्र.सं. | नामथर | पद | जिम्मेवारी |
|---|---|---|---|
| १. | श्री गणेशबहादुर थापा | गाउँ कार्यपालिका अध्यक्ष | संयोजक |
| २. | श्री मिनाकुमारी खड्का | गाउँ कार्यपालिका उपाध्यक्ष | सदस्य |
| ३. | श्री गणेशप्रसाद शर्मा | आर्थिक विकास समिति संयोजक | सदस्य |
| ४. | श्री अध्यक्ष | घरेलु तथा साना उद्योग सम्बन्धी संस्थाको पालिका स्तरीय संघ | सदस्य |
| ५. | श्री लोक विक्रम खड्का | चन्द्रसूर्य बहुउदेश्यीय सहकारी संस्था | सदस्य |
| ६. | श्री बखतबहादुर शाही | उद्योग वाणिज्य संघका प्रतिनिधि | सदस्य |
| ७. | श्री प्रभु बैङ्क | प्रमुख वा प्रतिनिधि | सदस्य |
| ७. | श्री रोशन वि.क. | उद्यमी | सदस्य |
| ८. | श्री प्रमुख प्रशासकीय अधिकृत | प्रमुख प्रशासकीय अधिकृत | सदस्य सचिव |

८. उद्योग वाणिज्य संघको आयोजनामा निकट भविष्यमा हुन गईरहेको प्रादेशिक दैलेख महोत्सव लागि उद्योग व्यवसाय प्रवर्द्धन कार्यक्रमबाट रु. १,५०,०००। सहयोग गर्ने ।

९. यस भगवतीमाई गाउँपालिका अन्तर्गत रहेका खोलाहरुबाट नदीजन्य पदार्थहरु उत्खनन् संकलन तथा विक्री वितरण कार्यको लागि तयार गरिएको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन स्वीकृत गर्ने ।

१०. यस गाउँपालिका अन्तर्गत करार सेवामा कार्यरत कर्मचारीको संचय कोष तथा अन्य सुविधा सम्बन्धी व्यवस्थाको लागि करार सेवामा कर्मचारी व्यवस्थापन सम्बन्धी कार्यविधि २०७७ संशोधनको लागि संस्थागत विकास तथा सुशासन समितिलाई निर्देशन गर्ने ।